**वैठकमा प्रस्तुत विषयहरु :**

१. नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजना छनौट ।
२. आय ठेक्का ।
३. कर्मचारी तह वृद्धि ।
४. ठेक्का भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा ।
५. विविध ।

**निर्णय नं १ :** नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत प्रस्तावित ३ वटा सडकहरु मध्य प्रथम चरणमा देहाय बमोजिमका सडक योजना छनौट गरि प्राथमिकता साथ् कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| प्राथमिकता क्र नं | सडकको नाम |
|---|---|
| १ | प्रगतिनगर बहाकोट नाम्चे काल्खु सडक |

**निर्णय नं २ :** पुतलीबजार नगरपालीकाको आन्तरिक आय ठेक्का बन्दोबस्त अन्तर्गत ढुङ्गा गिट्टी बालुवाको विक्री कर असुलीका लागि ५ पटक सार्वजनिक सूचना प्रकाशन गरी ठेक्का आव्हान गरिएकोमा हाल सम्म कुनै पनि आवेदन पेश हुन नआएको हुँदा आवश्यकता अनुसार यस पुर्व निर्धारीत नाकामा अन्तर समायोजन समेत गरी वार्ताद्वारा बोल कबोल बढाबढ एवं कार्यालय मार्फत अमानत द्वारा विक्री कर असूली गर्ने व्यवस्था गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन एवं स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै यस पुर्व बोलपत्र मुल्यांकन समितिबाट ढुङ्गा गिट्टी बालुवाको विक्री कर असुलीका लागि सिफारिस भई पेश हुन आएका सारभूत रुपमा प्रभावग्राही रहेका निम्न ठेक्का सम्झौता स्वीकृत गर्ने निर्णय गरियो ।

१. **रिङ्दीखोला नाका** , श्री रारा निर्माण सेवा, पु ब न पा १० , ३,२८,६७१ /८० (भ्याट सहित )
२. **प्युरीदोभान/ सुरौदीखोला नाका**, श्री वि एण्ड वि कन्स्ट्रक्सन- पोखरा २१, २,२३,७४०।०० (भ्याट सहित )
३. **आँधिखोला नाका घ ( विच्छी रह देखि हेलू सम्म ),** श्री अंगेर भंगेर निर्माण सेवा, आँधिखोला -०६ , १५,००,००० ।००(भ्याट सहित )

**निर्णय नं ३ :** गण्डकी प्रदेश सरकारबाट स्वीकृत स्थानीय सेवा ( गठन तथा संचालन ) अध्यादेश २०७९ बमोजिम यस कार्यालयमा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धी मिति २०७९/०६/२७ गतेको सूचनानुसार पर्न आएका आवेदन बमोजिम मिति २०७९/०८/१३ देखि सेवा सुविधा तथा जेष्ठता लागू हुने गरी स्थानीय सेवा ( गठन तथा संचालन ) अध्यादेश २०७९ को दफा ९ र दफा २८ मा रहेको क्रमश: दरवन्दी कायम गर्ने र तहवृद्धि गर्ने सम्बन्धी व्यवस्था कार्यान्वयनको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै अधिकृत स्तरको तह वृद्धि तथा तह कायमको सूचना स्थानीय राजपत्रको भाग ५ अतिरिक्ताङ्क प्रकाशन गर्ने निर्णय गरियो ।

**क) स्वत तहगत दरबन्दी कायम हुने कर्मचारीको विवरण :-**

| दर्ता नं. | कर्मचारीको नाम थर | हालको तह | बृद्धि हुने तह | न्यूनतम योग्यता | माथिल्लो तहको न्यूनतम योग्यता | न्यूनतम सेवा अवधि | स्वत: कायम हुने तह तथा दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| १/१०४१ | कपिल गिरी | अधिकृत स्तर छैठौं | अधिकृतस्तर सातौं | स्नातक | स्नातकोत्तर | ८ बर्ष ९ महिना | अधिकृतस्तर सातौं |
| २/१०३९ | गोविन्द राज सुबेदी | अधिकृत स्तर छैठौं | अधिकृतस्तर सातौं | स्नातक | | २ बर्ष ८ महिना | अधिकृतस्तर सातौं |
| १७/१०७८ | आशिष पोखेल | अधिकृत स्तर छैठौं | अधिकृतस्तर सातौं | ब्याचलर ईन सिभिल ईञ्जिनियर) | — | २बर्ष ९ महिना | अधिकृतस्तर सातौं ( सिभिल ईञ्जिनियर) |

**ख) दफा २८ (१ ) बमोजिम तहवृद्धि गरिनुपर्ने कर्मचारीहरुको विवरण :-**

| दर्ता न. | कर्मचारीको नाम थर | हालको तह | बृद्धि हुने तह | न्यूनतम योग्यता | पुरा गर्नुपर्ने न्यूनतम सेवा अवधि | सेवा | समूह |
|---|---|---|---|---|---|---|---|
| १/१०४२ | ताराचन्द्र ढकाल | अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | स्नातकोत्तर | ५बर्ष | प्रशासन | लेखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २/१०४४ | धनप्रसाद कोईसाला | अधिकृतस्तर सातौ | अधिकृतस्तर आठौं | स्नातकोत्तर | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ३/१०५१ | डोलराज ढकाल | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ४/१०४३ | श्रृजना लामिछाने | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ५/१०४८ | अरुण पौडैल | सहायकस्तर पाँचौ(प्रा) | अधिकृतस्तर छैठौं | डि.इन.ईञ्जिनियरीङ्ग | ५बर्ष | ईञ्जिनियरीङ्ग | सिभिल |
| ६/१०६४ | परशुराम अधिकारी | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ७/१०५९ | ध्रुब प्रसाद सुबेदी | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ८/१०६२ | लिलाम्बर ढुगाना | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | सामान्य प्रशासन |
| ९/१०७० | मनि रानामगर | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | प्रबिणता प्रमाण पत्र तह | ५बर्ष | प्रशासन | लेखा |

**निर्णय नं ४** : यस पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्गजा अन्तर्गत संचालित नयाँ बजार ठुलाडीही सडक स्तरोन्नति कार्यको ठेक्का नं PBM/WORKS/NCB-06/076/077 को ठेक्का सम्झौता श्री बानीया निर्माण सेवा हेटौडा संग मिति २०७७/०३/३० मा गरिएको ठेक्का सम्झौता अनुसार हाल सम्मको निर्माण कार्य गर्ने क्रममा उक्त क्षेत्रको भौगोलिक बनावोट, साइट कन्डिसन लाई मध्यनजर गरी सडक निर्माण कार्यको ड्इंग डिजाइनको केही आइटमहरुको परिमाणहरुमा थपघट गरी निर्माण गर्नु पर्ने हुँदा उक्त ठेक्का नं PBM/WORKS/NCB-06/076/077 को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिश्तिथि सो कार्य सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरियसन आदेश जारी गर्न सकिने व्यवस्था भए बमोजिम उक्त सडक खण्डको लागि ठेक्का सम्झौताको कुल सम्झौता रकम रु ४८६१६१२७.९७ को २४.५२ % रकम रु १०५४७२५३.४० थप रकमको भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** यस नगरपालिका क्षेत्रका विभिन्न जग्गाको भू उपयोग क्षेत्र वर्गीकरण र व्यस्थापन गर्नी कार्य सम्बन्धित परामर्शदाताको समेत सहयोग लिई कार्य अगाडी बढाउने निर्णय गरीयो ।

निर्णय प्रमाणित ।